# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्या : ६ मंसीर ३०, २०७६


## भाग-२

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको
## सूचना

## पशु बिमा ब्यबस्थापन तथा संचालन कार्यविधि,२०७६

संवत् २०७६ सालको कार्यविधि नं ६

प्रस्तावनाः संबिधानतः कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यवस्थापन, पशु स्वास्थ, सहकारी, कृषि सडक, साना सिचाई लगायत कृषि प्रसार कार्यक्रमको संचालन, व्यवस्थापन र सोको नियमन गर्ने जिम्मेवारी एकल अधिकारको रुपमा स्थानिय सरकारमा निहित रहेको छ । यसैलाई आधारमानी संघीय व्यवस्थापिकाको संसदले स्थानीय सरकार संचालन ऐन

२०७४ समेत पारित गरिसकेको छ । सो ऐनले स्थानीय तहको काम कर्तव्य र अधिकारलाई बिस्तृतरुपमा परिभाषित गरेको छ ।

उक्त परिप्रेक्ष्यमा यस नगरपालिकाले संविधान र ऐनले प्रावधान गरेका अधिकारको उपयोग गरी कृषिमा उत्पादन र उत्पादकत्वबृद्धी ब्यवसायीकरण र कृषि उद्धमशीलताको विकासगरी स्थानिय स्तरमा नै रोजगारीका अबसरहरुको सृजना गर्दै कृषकहरुको आयस्तरमावृद्धि गर्ने उद्देश्य लिएको छ । यस उद्देश्यलाई हासिल गर्न यसनगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र प्राथमिकताका आधारमा कृषकहरुको माग र आवश्यकता अनुसारका उपयुक्त कृषि प्रविधि तथा सेवा सर्बसुलभरुपमा उपलब्ध गराउनु यस नगरपालिकाको जिम्मेवारी रहेको छ ।

मुसिकोट नगरपालिका क्षेत्र भित्र का पशुपालन कृषकहरुको ब्यबसायलाई प्रबर्धन र पशुपालन तर्फ आकर्षित गर्नको लागि र कृषकहरुको ब्यबसायमा जोखिम न्युनिकरण गर्नको लागि मुसिकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही **“पशु बिमा ब्यबस्थापन तथा संचालन कार्यविधि२०७६”** तयार गरी जारी गरेको छ।

# परिच्छेद१

## प्रारम्भिक

## १. संक्षिप्त नामरप्रारम्भ

(१) यसकार्यविधिकोनाम मुसिकोट नगरपालिकाको **मुसिकोट नगरपालिकाको पशु बिमा प्रबर्द्धन, प्रोत्साहन, ब्यबस्थापन तथा संचालन कार्यविधि,** २०७६रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"कार्यविधि"** भन्नाले नगरपालिकाको **पशु बिमा ब्यबस्थापन तथा संचालन कार्यविधि२०७६** लाई सम्झनु पर्दछ ।

ख) **"नगरपालिका"** भन्नाले मुसिकोट नगरपालिका लाई सम्झनु पर्दछ ।

ग) **"वडा"**भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

घ) **"समिति"**भन्नाले नगर कृषि विकास समितिलाई सम्झिनुपर्छ ।

ङ) पशु भन्नाले सबै प्रजातिका बाख्रा, गाई, भैसी भेडा, खसी, रागा, पाठापाठी आदि सम्झनु पर्दछ ।

च) **प्रस्ताबक** भन्नाले यस बिमालेखा नाम उल्लेख भएको र यसै बिमा अन्तर्गत बिमा गरियको पशुको स्वामित्व भयको व्यक्ति वा संस्था भन्ने संझिनु पर्दछ ।

छ) **लापरवाहि** भन्नाले बिमितले आफ्नो पशु पंक्षीलाई रोगहरु बिरुद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरु नलगायको पशु पंक्षी अस्वस्थ भयको अवस्थामा उचित हेरचाह व्यवस्थित खोर तथा

उपचार नगरेको अबस्था सम्झनु पर्दछ । बिमालेखामा उल्लेख भएका शर्तहरु पालना नगरेको अवस्थामा समेत सम्झनुपर्दछ।

ज. **प्राबिधिक व्यक्ति** भन्नाले पशुसेवा शाखा, पशु अस्पताल तथा पशुसेवा कार्यालय वा भेटेरिनरी जे टि, जे. टि.ए वा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा पशु बिज्ञान बिषयमा ज्ञान हासिल गरि सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्दछ

झ. **संकेत पट्टा** भन्नाले बिमा गरियको पशु पंक्षी पहिचान गर्ने उदेश्यले पशु पंक्षी प्राबिधिकले लगाईदिने पहिचान खुल्ने संकेत ट्याग सम्झानुपर्दछ ।

ञ. **पशु पंक्षीमृत्यु प्रमाणपत्र** भन्नाले सम्बन्धित पशु प्राबिधिकले बिमित पशु पंक्षीको मृत्यु भएको भनि प्रमाणित गरि दियको प्रमाण पत्रलाई सम्झनु पर्दछ ।

ट. **दुर्घटना भन्नाले** बाहिरी आखाले स्पस्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक घटनालाई सम्झनु पर्दछ

ठ. **पशु सेवा शाखा भन्नाले** मुसिकोट नगरपालिकामा रहेको पशु सेवा शाखा सम्झनु पर्दछ.

# परिच्छेद -२

## रक्षावरण गर्ने जोखिमहरु

**देहायको कुनै कारणबाट पशु पंक्षी मरेमा अधिकतम बिमाङ्क रकम को सिमा भित्र रही वास्तविक क्षतिको ९० प्रतिशत रकम भुक्तानी गरिनेछ :**

| | |
|---|---|
| आगलागी, चट्याङ | आधिबेहरी, असिना, हिउ, तुसारो |
| भूकम्प | आकस्मिक दुर्घटना जन्य बाह्य करणहरु |
| बाढी, डुबान,खडेरी, पहिरो भूस्खलन | रोगबाट हुने हानी-नोक्सानी |

**प्रस्तावकको दुर्घटनाको प्रतक्ष्य कारणबाट मृतु भयमा दुर्घटना मृतु सुबिधा रु. २००००० दुई लाख भुक्तानी गरिनेछ ।**

# परिच्छेद -३

## क्षतिपूर्ति नदिने अवस्थाहरु

१। पशु पंक्षीको सम्बन्धमा सत्य तथ्य कुरा लुकाई छिपाई झुट्टा विवरण दिएको पाईएमा

२। प्रस्तावक वा निजको एकाघरका परिवारका सदस्यको लापर्वाहिले वा जानाजान मनोरंजनको उदेश्यले वा रिसीबी साट्ने कार्यबाट पशु पंक्षी मरेमा

३। पशु पंक्षी हरायामा वा चोरी भएमा

४। सरकारी निकायको आदेशमा पशु पंक्षीलाई नस्ट गर्नुपर्ने भएमा

५। पशु पंक्षीको शरीरमा लगाई राखेको संकेत पट्टा बिमा दाबीको अबस्थामा शरीरमा नभेटिएमा

६। बिमा गरियको पशु पंक्षी प्रथम पटक बिमालेख जारी भएको मितिले १५ दिन भित्र रोगको कारणबाट मरेमा तर यो व्यवस्था नवीकरणको हक मा भने लागु हुदैन ।

७। चरण, स्वास्थ्य उपचार र प्रजनन प्रयोजनको लागि गोठदेखि पाच ५ किलोमीटर भन्दा बढी को दुरीमा मरेको भयमा ।

८। युद्ध , अतिक्रमण, बिदेशी सैन्य कारवाही, गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लप, सैनिक विद्रोहिको कारणले बाख्रा मरेमा ।

९। आणविक हातहतियारबाट उठेका वा सो संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको कारण बाट भएको दुर्घटनाको कारणले बाख्रा मरेमा ।

# परिच्छेद -४

## प्रस्तावकले पालना गर्नुपर्ने शर्तहरु

१। बिमा गर्दा समयमा सबै पशु पंक्षीहरु स्वस्थ तथा कुनै चोटपटक नलागेको हुनुपर्नेछ ।पशु पंक्षीलाई जुकाको औषधि खुवाएको तथा पी. पी. आर भ्याक्सिन, एच एस बिक्यु,रानीखेत, गम्बारो, फोलपक्स बिरुद्धको खोप लगायको प्रमाण अनिबार्य रुपमा बिमा प्रस्ताव फारम साथ पेश गर्नुपर्नेछ ।

२। बिस (२०) वा सो भन्दा माथिको संख्यामा पशु पंक्षीपालन गरियाको हकमा सरुवा संक्रामक रोगहरु Goat Pox, Foot and Mount Disease, Anthrax and PPR Vaccine बिरुद्धको खोप अनिवार्य खोप अनिवार्य रुपमा लगायको हुनुपर्दछ र सो को अभिलेख प्राविधिकबाट प्रमाणित गराई बिमाकलाई उपलब्ध गराए पश्चात मात्र उल्लेखित रोगहरुको जोखिम वहन हुनेछ ।

३। बिस (२० ) वा सो भन्दा माथिको संख्यामा पशु पंक्षीको पालन गरिएकोमा हकमा बयस्क बाखाको वासस्थान (खोर ) पशु सेवा बिभाग द्वारा तोकिएको न्युनतम मापदण्ड बमोजिम हुनुपर्दछ ।

४। बिमा गरियको पशुको संख्या थपघट गर्नु परेमा पशु पालिएको अवस्थामा आंशिक बिमा गर्न पाइने छैन ।

५। बयस्क पशु पालिएको अवस्थामा आंशिक बिमा गर्न पाइने छैन।

६। कानुन वमोजिम पशुको स्वामित्व स्वत परिवर्तन हुने अवस्थामा बाहेक प्रस्तावकले पशु लाई बिमा अबधि समाप्त नहुदै बिक्रि गरेमा वा अन्य कुनै कारणले हक छाडी हस्तान्तरण गरेमा बिमा लेखा स्वत

रद्ध हुनेछ ।तर बिमाकको स्वकृत लिई स्वीकृति लिई बिमा लेख हस्तान्तरण गर्न सकिनेछ ।

७। पशुमा अनिवार्य रुपमा प्राबिधिक बाट संकेतपट्टा लागेको हुनुपर्नेछ । बिमित पशुमा लगाएको संकेत पट्टा कुनै कारण बिशेषले हराएमा सोको जानकारी तत्काल बिमक लाई दिनु पर्दछ ।

८। प्राबिधिकको परामर्श अनुसार बाख्रालाई स्वास्थ्य र निरोगी राख्नु पर्दछ र कुनै रोग लागेमा वा अस्वस्थ भएयमा उचित रोकथाम वा उपचार गराउनु पर्नेछ | उपचारको अभिलेख सुरूक्षीत राख्नु पर्नेछ ।

९। पशुको लागि स्वास्थ्य तथा पर्याप्त आहार, पानि, र सुरूक्षीत तथा व्यवस्थित गोठको ब्यबस्था गरेको हुनुपर्दछ ।

१०।बिमालेखको अनुसुची मा बिमा अवधि समाप्त बिमा अबधि समाप्त हुने भनि उल्लेख भयको मितिमा स्थानीय समय अनुसार रात बाह्र (१२) बजे पछी यस बिमलेखको अवधि समाप्त हुनेछ ।

# परिच्छेद - ५

## बिमाङ्क र बिमाशुल्क

१। बिमाङ्क नगरपालिकाको स्थानीय पशु सेवा शाखाले तोके बमोजिम मुल्यमा हुनेछ । नतोकेको अवस्थामा बिमित, बिमाक र प्राविधिकको

सहमति अनुसार हुनेछ । तर तोकेको मूल्य हालको स्थानीय बजार मूल्य भन्दा बढी हुने छैन ।

२। आयातित पशुको बिमाङ्कनिर्धारण गर्दा अनिवार्य रुपमा सम्पूर्ण कागजात ( बिजक, हवाई टिकट मार्फत आएको अवस्था) राजस्व तिरेको कागज,क्वारेटाइन प्रमाण–पत्र) पेश गर्नुपर्ने ।

३।बिमाशुल्कबिमाङ्क रकमको पाँच ५ प्रतिशत प्रति बर्षको दरले लाग्नेछ ।

४।बिमाङ्क रकमको (पाँच ५ प्रतिशत) को पचहत्तर ७५ प्रतिशत नेपाल सरकारले तिर्दछ भने बाकि किसानले तिर्नुपर्ने २५ प्रतिशत बिमाङ्क रकम मुसिकोट नगरपालिकाले व्यहोर्ने छ ।

५।गरिब, ब्यबसायिक, बिपन्न, दलित, जनजाती, एकलमहिला द्वन्दपिडित बाट जस्ता किसान लाई मात्र बिमाङ्क रकम उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।

६।कृषकले / बिमित ले जम्मा २ वटा गाई गोरुभैसी र ५ वटा भेडाबाख्रासम्मकोमात्र २५ प्रतिशत बिमाङ्क रकम पाउनेछन ।

७। अन्य बिषय मा बिमा कम्पनि संग समन्वय गरि कार्यक्रम बढाइनेछ ।

# परिच्छेद -६

## बिमा गर्ने प्रक्रिया

बिमा कार्यक्रम संचालनको लागि मुसिकोट नगरपालिकाबाट सूचना प्रकाशन गरिनेछ ।

क. सूचनाले तोकेको मिति र समयावधि भित्र बिमा गर्नु पर्नेछ ।

ख. यस कार्यविधि तथा बिमा समितिले तयार परेको बिमा लेखमा आधारित शर्तहरुमा रहेर पशु बिमा गर्नु पर्नेछ ।

ग. रक्षा वरुण गर्ने जोखिम तथा क्षतीपूर्ति नदिने आबश्यक बिमा लेखमा उल्लेख भए बमोजिम हुनेछ ।

घ. कृषकले अधिकतम गाई भैसी २ वटा र भेडा बाख्रा ५ वटा सम्मको मात्र बिमा शुल्क रकम भुक्तानी दिइनेछ ।

# परिच्छेद -७

# बिमा शुल्क भुक्तानी लिने प्रक्रिया

क.सुचनाले तोकेको मिति समयावधि भित्र बिमा गरेको हुनुपर्नेछ ।

ख. बिमा गरिसकेपछी सक्कल बिमालेखको रसिद र कृषककोनागरिकताको प्रतिलिपि र पशु सेवा साखा को सिफारिस सहित मुसिकोट नगरपालिकामा भुक्तानीका लागि बिमा कम्पनीले निवेदन दिनु पर्नेछ ।

ग. मुसिकोट नगरपालिका भित्रक कृषकहरु मात्र यो कार्यक्रम बाट लाभाम्बित हुनेछन । बिमा शुल्क वापतको भुक्तानी बिमा कम्पनिले आवश्यक प्रक्रियाहरु पुरा गरेमा यथासिघ्र भुक्तानी दिइनेछ ।

ङ. यस कार्यविधि बमोजिम भयको पशुसंख्या भन्दा बढी पशु पक्षीको कृषकले बिमा गरेमा कृषक आफैले भुक्तानी गर्नुपर्नेछ ।

# परिच्छेद -८

## दाबी सम्बन्धि प्रक्रिया

१। यस बिमालेख अन्तर्गत बिमित पशु पक्षी मरेमा सोको कारण खोलि तिन ३ दिनभित्र प्रस्तावकले बिमकलाई लिखित जानकारी गराउनुपर्नेछ र पन्ध्र ( १५ ) दिन भित्र सम्भव नाभायामा सोको कारण सहित सम्भब हुनासाथ देहायका कागजातहरु बिमक समक्ष पेश गर्नु पर्नेछ ।

   क. सक्कल बिमलेखा,
   ख. पूर्ण रुपले भरियको दाबी फारम,
   ग. नगरपालिका, वडा वा सबैभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्का ।
   घ. बिस (२०) वा सो भन्दा बढी पशुको बिमा गरिएको अवस्थामा अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहको पशुसेवा शाखा र भेटेनरी अस्पतालको प्रतिबेदन
   ङ. पशुमा लगायको संकेत पट्टा र सो देखिने गरि पशु सहितको फोटो ।

२। यस बिमालेख अन्तर्गत मतभेत वा विवाद भएमा साठी (६०) दिन भित्र प्रस्तावकले बिमा समितिमा उजुरी दिन सक्नेछ ।

आज्ञाले,
नरवीर खड्का
प्रमुख प्रशासकीय अधिकृत